जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक १३ २०८० साल कात्तिक १२ गते आइतवार (29 Oct 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** धानुक मण्डल उत्थान समितिद्वारा ... **पृष्ठ ३ मा :** नागरिक समाजको ... **पृष्ठ ४ मा :** पोषणलाई बहुपक्षीय ... **पृष्ठ ५ मा :** इजरायल-हमास द्वन्द्ववारे संयुक्त ...

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन माग गर्दै १६ दिनदेखी अनशन




**राजविराज**/सप्तरी जिल्लाको बहुप्रतिष्ठित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन माग गर्दै १६ दिनदेखि थालेको अनिश्चितकालिन रिले अनशनलाई शनिवार पनि स्थानीयवासीले निरन्तरता दिएका छन् ।

शिलान्यास भएको २५ महिना वितिसक्दा पनि सुरु हुन नसकेको प्रतिष्ठानको निर्माण कार्यलाई यथासिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पुर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्त गर्नु पर्ने, प्रतिष्ठान निर्माणका लागी आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्ने लगायतका ५ बुँदे मागँ अघि सार्दै गत असोज २६ देखी रिले अनशन सुरु भएको हो ।

पाँच वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिसक्ने भनिए पनि सरकारले शिलान्यास गरेको २ वर्ष नाघि सक्दा पनि निर्माण नै सुरु नगर्दा स्थानीय आक्रोशित बनेका छन् । संर्घष समितीका संयोजक राम कुमार दासको नेतृत्वमा १६औं दिन शनिबार पनि २४ घण्टे रिले अनशनलाई निरन्तरता दिइएको छ । उनले आफूहरुको माग सम्बोधन नभएसम्म रिले अनशनका साथै आन्दोलनका अन्य सशक्त कार्यक्रमहरु ल्याउने तयारी गरिएको समेत जानकारी दिएका छन् ।

यस अवधीमा प्रतिनिधिसभा सदस्य डा. सीके राउत, नवलकिशोर साह, राष्ट्रियसभा सदस्य रन्जु ठाकुर, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, मधेश प्रदेशका शिक्षा मन्त्रि लगायत एक दर्जन सांसद, मन्त्रि र नेताहरु अनशन स्थलमा पुगिसकेका छन् । ती सबैले प्रतिष्ठानको काम सूचारुका लागि आवश्यक पहल गर्ने आश्वासन दिँदै फर्किने गरेको र हालसम्म कुनै सकारात्मक नतिजा प्राप्त नभएको संघर्ष समितिका संयोजक दासको भनाई छ ।

प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन । प्रतिष्ठान निर्माण स्थल वेवारिसे अवस्थामा रहँदा अहिले गौचरणमा परिणत भएको छ ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठानको गजेन्द्र नारायण सिंह अस्पतालको एउटा कोठा लिएर संचालनमा ल्याइएको पुर्वाधार तयारी विकास समितीको कार्यालय अहिले बोर्डमा मात्र सिमित भएको छ । समितीका अध्यक्ष डा.रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा

***बाँकी अन्तिम पृष्ठमा***

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**
**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

फारम भर्ने अन्तिम मिति : २०८०/७/२० गते सम्म
प्रवेश परिक्षा मिति : २०८०/७/२२ गते

सीमित सिट मात्र खाली रहेकोले
**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८१७९६७२९७, ९८०४७१२७०५

**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**

## सम्पादकीय

### निरासपूर्ण दशैं सम्पन्न

यस पटकको दशैंमा खासै रौनक देखिएन् । मुलुकमा आर्थिक मन्दीका कारण यस्तो अवस्था आएको हो । अहिले मुलुकभरी आर्थिक मन्दीको अवस्था छ । यस बाहेक मधेशका अधिकांश स्थानीय तहका कर्मचारीहरुले यस पटकको दशैंमा तलब समेत खान पाएनन् । आमजनताले दशैं उत्साहपूर्ण रुपमा नमनाउँदा व्यापार समेत चौपट बनेको छ । कपडा व्यापारी, खाद्यान्न पसलेहरु समेत यस पटक निरास बनेका छन् । जनतासँग आवश्यकता पूर्ती गर्न समेत पैसा नभरहेको अवस्थामा त्यसको असर व्यापारीहरुमा परेको छ ।

यस बाहेक दशैंमा विभिन्न मठ मन्दिरमा समेत दर्शनालु भक्तजनहरुको कम भिड लागेको छ । दशैंको बेला मन्दिरहरुमा बढी भिडभाड हुने गर्छ । तर, यस पटक मन्दिरमा समेत खासै रौनक भएन् । दशैंमा घर आउनेहरुको पनि कमी भएको छ । यता हिन्दुहरुको महान पर्व दशैं सकिएको छ र दोश्रो महान पर्व दीपावलीको आगमन सुरु भएको छ । बजारको अवस्था देखेर दिपावली पनि दशैं जस्तै रौनकबिहीन नै रहने छ । स्थानीय तहअहिले पनि नगरको विभिन्न भित्रि सडकखण्डहरुमा बत्ती बल्न सकेको छैन् । नगरपालिका अहिले पनि अव्यवस्थित र विभिन्न समस्या-समस्याले ग्रसित छ । सकारात्मक सोचका साथ नगरपालिकाको नेतृत्व वर्गले नगर क्षेत्रको विकास निर्माणका लागि पहल गर्नु आजको अपरिहार्य आवश्यकता हो । नगरवासीले पनि आफ्नो नगर स्वच्छ, सफा, सुन्दर, व्यवस्थित बनाई आर्थिक क्रियाकलाप बढाउनेतर्फ पाईला चाल्नै पर्छ ।

तसर्थ यस्ता विषयहरुमा नगरवासीले समय समयमै जनप्रतिनिधिहरुलाई झकझकाउनु आवश्यक छ । अनिमात्र उनीहरुलाई जनताले खबरदारी गरिरहेको महसुस हुन आउछ । त्यसका लागि राजनीतिकर्मी, व्यवसायी र कर्मचारीलाई दबाब दिन नागरिक समाज अग्रसर हुनुको विकल्प छैन् ।

# धानुक मण्डल उत्थान समितिद्वारा जेष्ठ नागरिक र विद्यार्थी सम्मानित



**राजविराज**/धानुक मण्डल उत्थान समितिले ६ जना जेष्ठ नागरिकलाई र ६ जना जेहेन्दार विद्यार्थीलाई सम्मान गरेको छ ।

शनिबार सप्तरीको विष्णुपुर गाउँपालिका ५ मझाउमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा जगदर प्रागना अन्तर्गत २२ गाउँ मध्येबाट इनरुवा बस्ने ९३ वर्षीय गुजिया देवी मण्डल, ८७ वर्षीय गर्भी मण्डल, राजगढ गापा ५ मलेकपुर बस्ने ८० वर्षीय विन्दा देवी मण्डल, ७७ वर्षीय खैजनी देवी, ८२ वर्षीय सत्यदेव मण्डललाई दोसाला, फुलको माला र अबिर लगाई सम्मान गरिएको हो ।

त्यस्तै स्वजातीय भित्र पर्ने एसइइतर्फ उत्कृष्ट नतिजा ल्याउन सफल भएका छिन्नमस्ता ६ खुदिबखारी बस्ने कृष्ण कुमार मण्डल, बिष्णुपुर गापा ५ मझाउ अमिशा कुमारी मण्डल, पुजा कुमारी मण्डल, विवेक कुमार मण्डल, बादल कुमार मण्डल, मलेकपुर बस्ने कल्पना कुमारी मण्डल र अनडिपट्टी बस्ने निहाल मण्डललाई एक/एक थान ग्रामर, डायरी, डटपेन, ज्योमेट्रिक बक्स र प्रमाणपत्र सहित सम्मान गरिएको छ ।

त्यस्तै पकरी प्रागनाबाट तिलाठीकोइलाडी गापा अध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष कमल कुमार मण्डल लगायत दर्जन भन्दा बढीलाई सम्मान पनि गरिएको छ ।

कार्यक्रमका विशिष्ट अतिथि तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले धानुक जातीको शिक्षा स्तर दिन प्रतिदिन खस्कदै गएको र यसले स्वजातीय मण्डल समुदायपछि परेको बताए ।

धानुक मण्डल उत्थान समिति प्रागना जगदर क्षेत्र नम्बर २ र ३ द्वारा आयोजित तथा समिति अध्यक्ष धनाइ

*बाँकी अन्तिम पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# नागरिक समाजको भूमिका

**सञ्जीव कार्की**

नागरिक समाज राज्यको प्रकृतिभन्दा फरक तर सामाजिक राज्यको रूपमा रहन्छ भन्ने युनिभर्सल डिक्सनेरीमा उल्लेख छ। नागरिक समाजको आफ्नो छुट्टै दर्शन र आयाम छ। सरकार कतिपय मामलामा कठोर र हिंस्रक हुन्छ, सत्ता वैधानिक हत्याको लाइसेन्स भएको संस्था हो। यी सबका बाबजुद नागरिक समाज जुनसुकै किसिमको हिंसाको विरोधी र राज्य र सरकारको तर्फबाट बल प्रयोग गरिँदा बल प्रयोगको सिद्धान्तभन्दा बाहिर सरकार जाँदा खबरदारी गर्ने र अनावश्यक बलद्वारा गरिने हिंसा दमन र नियन्त्रणलाई नियोजन गर्ने सामाजिक स्वीकृतिप्राप्त जमात नागरिक समाज हो। सरकारलाई जिम्मेवार, जवाफदेही र देश र नागरिकप्रति उत्तरदायी बनाउने अभिभारा नागरिक समाजसँग रहेको मानिन्छ।

समाजमा पिँधमा रहेको आवाज बोल्ने माध्यम हो। गरिब निमुखा असहाय र राज्यद्वारा दमनमा परेकाको संरक्षक हो। द्वन्द्व, युद्ध र हिंसा भड्कन लाग्दा मध्यस्थता गर्ने भरपर्दो आधार हो। इटालीका प्रसिद्ध चिन्तक ग्राम्सी राज्यको सुरक्षा कवचका रूपमा नागरिक समाजलाई लिन्थे। राज्यको बलियो ढालको रूपमा चित्रण गर्थे। प्रभुत्वशाली वर्गको विचारधारा प्रवर्द्धन गर्ने टुल्स भन्थे। उनी अर्गानिक बुद्धिजीवीको पक्षमा थिए। लोकतन्त्रको सुदृढीकरण, मानव अधिकारको रक्षा, कानुनी शासनको स्थापना स्वतन्त्र प्रेस र जनअधिकारका तमाम विषयलाई परख गर्ने, सामाजिक नैतिक मूल्य कानुनको मूल्य सुशासनका विषय, सुशासन लोकतन्त्रलाई बलियो बनाउने दायित्व नागरिक समाजको रहन्छ।

प्रत्यक्ष रूपमा शासनमा सहभागी नहुने नागरिक समाज सत्ताको स्थायी प्रतिपक्षी हुनुपर्छ भन्ने आम मान्यता छ। राजनीतिक दलहरू बरालिँदा त्यसलाई ठिक ठाउँमा ल्याउने काम नागरिक समाजको हो। समाजको प्रबुद्ध वर्ग सधैँ नीति, थिति, विधि र नैतिकताको पृष्ठपोषण गर्ने वर्ग हो भनेर चिनिन्छ। राष्ट्रको असहज परिस्थितिमा विवेक प्रयोग गर्ने र थिंक ट्यांक बनेर राष्ट्रको असमञ्जस तोड्ने र सही निकासको मार्ग दिने काम नागरिक समाजमार्फत हुन्छ।

राजनीति शास्त्रको भाष्य छ, सत्ता र प्रतिपक्षले मात्र राज्य अपुरो र अधुरो हुन्छ। राज्य प्रणालीको एक अविभाज्य अङ्ग नागरिक समाज पनि हो। हरेक समाजमा खबरदारी गर्ने, निगरानी गर्ने र दबाब दिने समूह हुन्छ। संस्थापनलाई खबरदारी गरेर जनपक्षीय निर्णय गराउन सरकारलाई बाध्य पार्ने एउटा सामाजिक स्वीकृति प्राप्त व्यक्तिहरूको समूह हो नागरिक समाज। यो कुनै वैधानिक निकाय नभए पनि प्रेसर ग्रुप नामले चिनिन्छ।

नागरिक समूहले बोल्दा फरक पार्ने र राज्यलाई सोच्न बाध्य बनाउने सामाजिक वैधता र नैतिक भार वहन क्षमता यसमा हुन्छ। सत्ता पक्ष र प्रतिपक्षले मात्र न्याय प्रणाली चल्दैन। शक्ति सन्तुलनको अर्को पाटोमा नागरिक समाजको गहन भारलाई पनि अर्थ्याउनुपर्छ। पार्टीतन्त्र, नेतातन्त्र र वृद्धतन्त्रले चलेको समाजमा पार्टीहरू आपसमा मिलेर आफ्नो हितानुकूल मात्रै पनि काम गर्न सक्छन्। सत्तापक्ष र प्रतिपक्ष मिल्दा यदाकदा राष्ट्रघात हुने र नीतिगत भ्रष्टाचार बढ्ने, भएका भ्रष्टाचारमा पनि सबै मुछिएको कारण छानबिन नहुने र छानबिन भए पनि चोख्याउने र सफाइ दिने खालको जस्तो मात्र हुने आदि कारण पनि सत्ता पक्षलाई खबरदारी गर्न प्रतिपक्ष, प्रतिपक्षलाई पनि खबरदारी गर्न नागरिक समाजको सक्रियता र सामाजिक नेतृत्व आवश्यक देखिन्छ।

दलहरूले आफ्ना गलत हर्कत, आसय र अभीष्टलाई वैधानिकताको खोल ओढाएर सही प्रमाणित र पुष्टि गर्ने जमर्को गर्न सक्छन्। त्यस्तो बेला प्रतिपक्षको रूपमा नागरिक समाजको चर्को आवाज र विमति चाहिन्छ। जस्तो २०५१ मा गरिएको महाकाली सन्धि सत्तापक्ष र प्रतिपक्षको एकै नाभी जोडिएको एक उदाहरण हो। गत वर्ष पारित एमसिसी परियोजना पनि पार्टीहरूको परोक्ष प्रत्यक्ष सम्बन्ध भएर पास भएको परियोजना हो।

एमसीसी परियोजना एमाले वा माओवादीले चाहेको भए फेल गराउन सक्थ्यो तर एकार्कामा दोषारोपण गर्दै व्याख्यात्मक घोषणाको वैधानिक टालोले टालेर दलहरूले अन्ततः पास गरेरै छाडे। एमसीसी परियोजनाबारे प्राज्ञिक र बौद्धिकले जनसाधरणमा उचित तबरले बुझाउन सकेनन्। जसका कारण जनता आजपर्यन्त रनभुल्लमा छन् वास्तवमा एमसीसी परियोजना देश हितको पक्षमा छ कि विपक्षमा ? राजनीतिक दल र आफ्नो स्वार्थको पक्षमा पैरवी गर्ने बौद्धिकहरू पनि एमसीसीमा विभक्त बने र जनतालाई दिग्भ्रमित पारिरहे।

नागरिक समाज भनेको कुनै राजकीय पदको अपेक्षा नराख्ने र विभिन्न सरकारी नियुक्तिमा आँखा नलगाउने स्वच्छ मन राखेर काम गर्ने आफ्नो क्षेत्रमा दख्खल रहेका र विज्ञता भएका प्रबुद्ध नागरिक समाजको जमात हो। दुर्भाग्य नेपालमा यस्ता नागरिक समाज कम सत्ता र आफ्नो स्वार्थको चंगुलमा फस्ने नागरिक समाज धेरै रहेको देखिन्छ। सत्ताले फ्याँकिदिने जुठोपुरो, हड्डी र हरियो घाँसमा लोभिनु र सत्ताले चाहे र खोजे जस्तो भाष्य निर्माण गरिदिनु आजका बुद्धिजीवीको विशेषता भएको छ।

उनीहरूको अनेक आयाम हुन्छन्। जस्तो प्राध्यापकहरू, कलाकार, साहित्यकार, समाजसेवी, डाक्टर, इन्जिनियर, वकिल पत्रकार लेखक जसले समाजको आफ्नो क्षेत्रमा नाम राखेका लब्ध प्रतिष्ठित व्यक्तिहरूको समूह हो। जसको बोलीमा दम, निर्णयमा अडान र विवेकमा राष्ट्रहित प्रतिध्वनित हुन्छ। यी समूहका व्यक्तिहरू बोलेपछि त्यसको अर्थ निर्माण हुन्छ।

कुनै पनि विषय उठान र बैठानमा उनीहरूको विचार, भावना र उद्देश्यलाई प्राथमिकीकरण गरिन्छ। यी समूहको जनस्तरमा पनि उत्तिकै श्रद्धा विश्वास र भरोसा रहन्छ। सत्ता र प्रतिपक्ष दुवैलाई ठीक बाटो देखाउने उज्यालोको रूपमा नागरिक समाज चिनिन्छ। देशको बृहतर हित नै जीवनको मूल मन्त्र र अभीष्ट राख्ने नागरिक समाज राजनीतिक दलको सिद्धान्त र नीतिले प्रभावित बन्दैनन् र बन्न हुँदैन भन्ने मान्यता छ। दलीय दाम्लो र अनुशासनको परिधि बाहिर रहेर नितान्त देशको हित र सुरक्षा गर्ने देशलाई उपयुक्त बौद्धिक ऊर्जा र तागत दिने व्यक्तिहरू नागरिक समाजका नामले पुकारिने व्यक्तिहरू हुन्।

**सरकारलाई जवाफदेही कसले बनाउने ?**

राजनीतिक दलहरूका आ-आफ्ना स्वार्थ र एजेन्डा हुन्छन्। चुनावकेन्द्रित र दलीय स्वार्थकेन्द्रित नाराहरू हुन्छन्। प्रतिस्पर्धाको राजनीति गर्नुपर्ने भएकाले भोटरको भावना अनुसार पनि बोल्नुपर्ने र काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति बन्छन्। यस्तो बेला दलहरूले नकाम गर्ने र सानो स्वार्थका लागि काम गर्ने गर्न सक्छन्, त्यसैले यस परिस्थितिमा सरकार र राजनीतिक दललाई काबुमा राख्न नैतिक तागतसहित नागरिक समाज उपस्थित भएर सरकार र पार्टीहरूलाई जवाफदेही बनाउन सक्नुपर्छ। धार्मिक, सांस्कृतिक, भाषिक, सामाजिक, भौगोलिक बहुलताको प्रतिनिधित्व गराउने तर जातीय धार्मिक र साम्प्रदायिक भावना र एकाधिकारवाद सरकारको अति रोक्ने काममा भने यो समूहको खाँचो पर्छ। दलहरू नैतिक रूपले कमजोर भएका बेला दललाई निरन्तर निगरानी, सरकारलाई खबरदारी र

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

### अनुरोधकर्ता
### रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

### जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी

# पोषणलाई बहुपक्षीय रुपमा हेरौं

**डा. अमित भण्डारी**

'पोषण विकासको आधार र सूचक दुवै हो । उन्नत पोषणले स्वास्थ्य, शिक्षा, रोजगार, महिला सशक्तीकरण, गरिबी न्यूनीकरण र असमानता न्यूनीकरणका साथै शान्तिपूर्ण, सुरक्षित र स्थिर समाजको जग खडा गर्न सक्छ ।' यो भनाइ हो संयुक्त राष्ट्र संघका आठौं महासचिव बान की मुनको । उनको उक्त भनाइबाट के पनि प्रष्ट हुन्छ भने पोषण भनेको स्वास्थ्यसँग मात्र सम्बन्धित छैन । यसलाई बहुपक्षीय रुपमा हेर्नुपर्छ ।

दिगो विकास लक्ष्यमा केन्द्रित रहेर हेर्दा पनि पोषणको विषयलाई सबै लक्ष्यसँग जोडेर हेर्न सकिन्छ । पोषणको विषय स्वास्थ्यको लक्ष्यमा मात्र केन्द्रित छैन । कुपोषणसँग जोडिएको विषय दिगो विकास लक्ष्यको १७ वटै लक्ष्यसँग सम्बन्धित छ । दिगो विकासका अन्य विश्वव्यापी लक्ष्यहरू र पोषण लक्ष्यबीच अन्तरसम्बन्ध छ। त्यस कारण दिगो विकासमा प्रगति गर्न पोषणमा प्रगति गर्न आवश्यक छ ।

पोषण सुधारका लागि दिगो विकासको लक्ष्य अन्तर्गतको लक्ष्य नम्बर २ मा धेरै कुराहरु पर्छन् भने लक्ष्य नम्बर ३ अर्थात् स्वास्थ्यका विषयमा कुपोषणको अवस्थाका विषयहरु छन् । लक्ष्य नम्बर २ मा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने विषय रहेको छ । ऊक्त लक्ष्यमा पोषणको विषय प्रष्ट रुपमा लेखिएको छ । सोही लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र संकटग्रस्त अवस्थाहरुमा रहेका व्यक्तिहरु सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने विषय रहेको छ ।

यस्तै लक्ष्य २.२ मा सबै प्रकारका कुपोषण अन्त्य गर्ने, सन् २०३० सम्ममा ५ वर्षमुनिका बालबालिकाहरुको तौल वृद्धि रोक्ने र उचाइ अनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमै सहमति भएका लक्ष्यहरु सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरु र किशोरी, गर्भवती र दूध खुवाइरहेकी महिला तथा ज्येष्ठ नागरिकको पोषणसम्बन्धी आवश्यकताहरुलाई सम्बोधन गर्ने विषय छ ।

एक अध्ययन अनुसार विश्वव्यापी रुपमा भएका प्रयासहरूको बाबजुद पनि सन् २०२२ मा ५ वर्षमुनिका करिब ४ करोड ५० लाख बालबालिका कम तौलका थिए । त्यस्तै, १४ करोड ८० लाख बालबालिकाहरुमा पुड्कोपन र ३ करोड ७० लाख बालबालिकाको ज्यादा तौल रहेको थियो ।

बालबालिकाको पोषणको अवस्थामा मुख्यगरी तीन वटा सूचकमा मात्र केन्द्रित रहेर अध्ययन गरेको देखिन्छ । पुड्कोपन (दीर्घ कुपोषण), उचाइ अनुसार कम तौल ( शीघ्र कुपोषण) र उमेर अनुसारको कम तौलको तथ्यांक सार्वजनिक गर्ने गरिएको छ । सन् २०२२ मा सार्वजनिक भएको जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार नेपालमा कुपोषणका कारण पुड्कोपनको समस्या रहेका बालबालिका २५ प्रतिशत रहेका छन् । यस्तै ८ प्रतिशतमा शीघ्र कुपोषण अर्थात् ख्याउटेपन (उचाइ अनुसार कम तौल) र १९ प्रतिशतमा उमेर अनुसारको कम तौल रहेको देखिन्छ । यसका साथै बालबालिकाको रक्तअल्पता, भिटामिन, माइक्रोन्युट्रेन्ट लगायतका विषयमा पनि हेर्न वृहत रुपमा जरुरी छ ।

पुड्कोपन शहरी क्षेत्रमा २२ प्रतिशत र ग्रामीण क्षेत्रमा ३१ प्रतिशत छ । भौगोलिक क्षेत्र अनुसार हेर्दा पहाडी क्षेत्रका २२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ भने तराइमा २५ र हिमाली क्षेत्रमा ४२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ । समग्रमा हेर्दा सन् २००१ को तुलनामा पुड्कोपनको समस्यामा सुधार आएको देखिन्छ । सन् २००१ मा ५७ प्रतिशतमा पुड्कोपनको समस्या थियो भने अहिले २५ प्रतिशत रहेको छ । यस्तै ख्याउटेपनको समस्या सन् १९९६ मा १५ प्रतिशत थियो अहिले ८ प्रतिशतमा झरेको अवस्था छ । तर यो नै सन्तोषजनक अवस्था भने होइन । दिगो विकासको लक्ष्य अनुसार पुड्कोपनको समस्या सन् २०३० सम्ममा १५ प्रतिशत र ख्याउटेपनको समस्या ४ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । अब सुधारका लागि धेरै नै मिहिनेत गर्नुपर्ने देखिन्छ ।

कुपोषणको अवस्थामा सुधार आउने हो भने त्यसले समग्र विकास र अन्य सूचकको सुधारमा समेत मद्दत गर्छ । स्वास्थ्य सेवाको सुधार मात्र होइन, देशको अर्थतन्त्र सुधारदेखि गरिबी निवारणसम्म योगदान गर्न सक्छ । त्यसैले, पोषणमा सुधार आवश्यक छ । दिगो विकासमा प्रगति गर्नको लागि पनि पोषणमा प्रगति गर्नु आवश्यक छ । त्यसैगरी, यो लक्ष्य हासिल गर्दै गर्दा सफा पानी र सरसफाइको क्षेत्रमा, नवीकरणीय ऊर्जा, शिक्षा र लैङ्गिक समानत लगायत अन्य धेरै दिगो विकासका लक्ष्यहरुलाई हासिल गर्न सहयोग हुन्छ नै ।

उन्नत पोषणका लागि पर्याप्त र दिगो लगानी नगरे दिगो विकास लक्ष्य अनुरुपमा उद्देश्य हासिल हुन सक्दैनन् । 'भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने' दिगो विकास लक्ष्य २ मा तय गरिएको छ ।

दिगो विकास लक्ष्य र पोषणका क्षेत्रमा केन्द्रित रहेर युरोपिएन पब्लिक हेल्थ सोसाइटीले तयार पारेको एउटा प्रतिवेदन अनुसार कुपोषणको विषय दिगो विकासका लक्ष्यमध्ये सबै विषयसँग सम्बन्धित रहेको उल्लेख गरेको छ ।

प्रविश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार बालबालिका कुपोषणको सिकार हुनु भनेको निकट भविष्यमा कुनै पनि मुलुकले प्राप्त गर्ने जनशक्ति शारीरिक रूपमा मात्र होइन, बौद्धिक रुपमा पनि कमजोर हुनु हो ।

संसारमा जति रोगहरू छन्, तीमध्ये धेरैको कारक तत्व कुपोषण हो । त्यस कारण यी तमाम समस्या समाधान गर्दै दिगो विकासका सबै लक्ष्य प्राप्तिका लागि पोषणलाई बहुपक्षीय रुपमा हेर्न जरुरी छ । नेपालका सन्दर्भमा तीन तहको सरकारलाई लक्ष्य प्राप्तिका लागि अवसरका रुपमा हेर्नुपर्छ । स्वास्थ्यले सार्वजनिक गर्ने तीन वटा सूचकमा मात्र केन्द्रित नभई थप सूचकमा पनि अध्ययन गरी काम अगाडि बढाउन जरुरी छ ।

नेपालमा खाद्यान्न उत्पादन हुने तर त्यसलाई सही तरिकाबाट खान नजान्ने, स्थानीय उत्पादनलाई भन्दा जंक फुडमा बढी जोड दिने, गलत मान्यताका कारण अन्डा, माछा-मासु लगायतका पोषिलो खाने कुरा नखाने जस्ता विषयलाई पनि सुधार गर्दै लैजानु पर्ने देखिन्छ । यसैगरी, कुपोषणका विषयमा भएका तथ्यांकहरुलाई विश्लेषण गर्दै हालसम्म देखिएका कमीकमजोरीहरु पहिल्याउँदै, चुनौतीहरुलाई समाना गर्ने उपाय खोज्दै नयाँ ढंगले अगाडि बढ्न सकेमा धेरै उपलब्धि हासिल हुने देखिन्छ ।

युरोपिएन पब्लिक हेल्थ सोसाइटीले तयार पारेको टेबल अनुसार नै नेपालले पनि पोषणका विषयलाई स्वास्थ्यसहित कृषि, शिक्षा, भौतिक पूर्वाधार, स्थानीय विकास, सञ्चार, गृह लगायतका सबै मन्त्रालय र सरोकारवाला निकायहरुको समन्वयमा कुपोषणका क्षेत्रमा सामुहिक प्रयास गर्न सक्यौं भने लक्ष्य हासिल गर्न सहज हुने देखिन्छ । (डा. भण्डारी अन्तर्राष्ट्रिय स्वास्थ्य, पोषण तथा विकास क्षेत्रमा क्रियाशील छन् ।) स्वास्थ्य खबरबाट

## *नागरिक समाजका...*

नेताहरूलाई चेतावनी दिने काम नागरिक समाजको हो ।

**गैरराजनीतिक तर सामाजिक भावना**

दलहरूलाई दबाब दिन खबरदारी गर्न नागरिक समाज । जागरुक नागरिकहरूको समूह हो नागरिक समाज जो संगठित वा असंगठित हुन्छ । राष्ट्रको बलियो किल्ला हो जसले नागरिकले पाउनुपर्ने हक-अधिकार र निभाउनुपर्ने कर्तव्यबारे पनि सबैलाई सतर्क, सजग र चेतनशील बनाउँछ । गैरराजनीतिक, गैरनाफामूलक र गैरसरकारी भएर राष्ट्रको पक्षमा जनहितको वकालत गर्नु यिनीहरूको धर्म हो । राजनीतिक दलको मखुण्डो ओढेको नागरिक समाज होइन देशको माया गर्ने विधि र पद्धतिलाई जीवनशैली बनाउने, दलीय रूपमा विभाजित हुने होइन दल भन्दामाथि देश बोक्ने नागरिक समाज र प्रबुद्ध वर्ग आजको देशको आवश्यकता हो ।

नागरिक समाजको महत्व र गरिमा यथेष्ट छ । सच्चा नागरिक समाज बन्दा देशले जनताले प्रशस्त लाभ लिन सक्छन् । पारदर्शिता र उत्तरदायित्व खोज्ने गहन भूमिका नागरिक समाजको पहिलो सर्त हुनुपर्छ । राजनीतिशास्त्रमा एउटा भनाइ छ : 'एउटा मौन र आज्ञापालक नागरिक समाजले तानाशाही जन्माउन मद्दत गर्छ भने ज्वलन्त सक्रिय नागरिक समाजले लोकतान्त्रिक र संवेदनशील राज्य सुरक्षित गर्छ ।' नेपाल लोकतान्त्रिक र संवेदनशील राज्य सुरक्षित गर्ने नागरिक समाजको खोजीमा छ । नागरिक आवाजमा गहनतम सामाजिक मूल्य, नैतिक प्रस्थापना, अधिकार अनि कर्तव्यको संयोजन रहेको मानिन्छ । रातोपाटीबाट

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयाँसम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसुरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# कंकालिनीमा ६ सय तीन वटा राँगाको बलि प्रदान, गत वर्ष भन्दा ६६ वटा कम

**राजविराज**/नेपालकै दोश्रो सबै भन्दा बढी राँगाको बली प्रदान गरिने सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कंकालिनी भगवती मन्दिरमा यस वर्ष दशैंको अवसरमा ६ सय तीन वटा रांगाको बलि प्रदान गरिएको छ ।

यस मन्दिरमा गत वर्ष भन्दा ६६ वटा कम बली प्रदान भएको हो । गत वर्ष यहाँ ६ सय ६९ वटा रांगाको बली प्रदान भएको थियो । राँगाको बली दशैंका महानवमीका दिन प्रदान गर्ने गरिन्छ ।

राँगा बलिअघि हुने संकलप पुजाको अवसरमा स्थानीयबासिन्दा एवं नागरिक समाज काठमाडौंका अगुवा गणेशकुमार मण्डलको सक्रियतामा नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पबृष्टि अर्थात् फुल बर्साईएको थियो ।

राँगा बलिकालागि मन्दिर विकास समितिले अपनाएको गोलाप्रथा विधिबाट एक नम्बरमा स्थानीय मनिषष् ( छोटु) झाको रांगा बलि प्रदान भएको थियो । बली प्रदानको लागि विभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतका बिहार राज्यबाट आएका अन्य ब्यक्तिहरुको रांगालाई बलि दिने कार्य सुरु गरिएको थियो ।

दुई वर्ष अघि भने कङ्कालिनी मन्दिरमा सात सय ४४ राँगाको बलि दिइएको थियो भने तीन वर्ष अगाडि कोरोना माहामारीका बेला कङ्कालिनी भगवती मन्दिरमा तीन सय ८५ राँगाको बलि दिइएको थियो ।

आफ्नो मनकामना एवं भाकल पूरा भएपछि नेपालको विभिन्न जिल्ला र छिमेकी राष्ट्र भारतको विहार राज्यअन्तर्गतका विभिन्न जिल्लाबाट पनि राँगाको बलि दिन यहाँ भक्तजन आउने गरेको मन्दिर विकास समितिले जनाएको छ ।

प्रत्येक वर्ष विजयी दशमीका अवसरमा महानमवीका दिन यहाँको मन्दिरमा राँगा, खसीबोका र परेवाको बलि दिने चलन रहेको छ ।

नेपालको सप्तरी जिल्लासहित सिरहा, धनुषा, उदायपुर, सुनसरी मोरङ, झापा र छिमेकी राष्ट्रिय भारतको विहार राज्यको सुपोल, मधुवनी अररियालगायतका ठाउँबाट लाखौँको सङ्ख्यामा आएका दर्शनार्थी यस मन्दिरमा यस वर्ष पनि विगतकै जस्तो भीड लागेको थियो ।

मन्दिरमा घटस्थापनादेखि महानमवीसम्म करिब ४१ हजारको हाराहरीमा खशीबोकाको समेत बलि प्रदान गरिएको छ । त्यस्तै सप्तरीकै प्रसिद्ध छिन्नमस्ता भवती मन्दिरमा पनि घटस्थापनादेखि महानमवीसम्ममा करिब ३५ हजार खसी बोकाको बलि प्रदान गरिएको मन्दिर समितिले जनाएको छ ।

यसैबीच दशैंको दस दिने अवधिमा कंकालिनी मन्दिर परिसरमा जम्मा भएको फोहोर स्थानीय ओम ट्रेडर्सको अगुवाइमा सरसफाइ गरिएको छ । ट्रेडर्सका सञ्चालक चन्दनकुमार कार्पैरको नेतृत्वमा परिवारका सम्पूर्ण सदस्यसहित सहयोगीहरुको सहभागितामा मन्दिर परिसरलाई सरसफाइ गरिएको हो ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

अनुरोधकर्ता : **अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## इजरायल-हमास द्वन्द्वबारे संयुक्त राष्ट्रसंघद्वारा चिन्ता व्यक्त

**जेनेभा**/संयुक्त राष्ट्रसङ्घले इजरायल र हमासबीचको द्वन्द्वमा दुवै पक्षबाट युद्ध अपराध भइरहेकामा चिन्ता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयले जबर्जस्ती स्थानान्तरण, सामूहिक सजाय र बन्धक बनाइएका घटना युद्ध शुरू भएको २१ औं दिनमा पनि जारी रहेको उल्लेख गरेको छ । प्रवक्ता रविना शमदासानीले जेनेभामा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो,“युद्ध अपराध भइरहेकामा हामी चिन्तित छौं । हामी हमासको नृशंस आक्रमणको जवाफमा गाजावासीमाथि भएको सामूहिक सजायको बारेमा चिन्तित छौं, जुन युद्ध अपराध पनि हो ।” उहाँले युद्ध अपराध भएको छ कि छैन भनेर प्रमाणित गर्ने काम स्वतन्त्र अदालतको भएको बताउनुभयो । इजरायली अधिकारीहरूका अनुसार गत अक्टोबर ७ मा हमासका बन्दुकधारीले गाजामा आक्रमण गरेपछि इजरायलले गाजामा भारी बमबारी गरेको छ जसमा एक हजार ४०० जनाको मृत्यु भएको छ । हमास शासित गाजा पट्टीको स्वास्थ्य मन्त्रालयले उक्त आक्रमणमा सात हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको जनाएको छ, जसमा मुख्यतया सर्वसाधारण र धेरै बालबालिका रहेका छन् । इजरायलले गाजामा खाद्यान्न, पानी र बिजुलीको आपूर्तिमा कटौती गरेको छ । हमासले हतियार र विस्फोटक पदार्थ बनाउन प्रयोग गर्ने भन्दै इन्धनको सबै आपूर्तिमा रोक लगाएको हो । इजरायली सेनाले गाजा पट्टीको उत्तरी क्षेत्रमा रहेका मानिसहरूलाई (२४ लाख जनसङ्ख्याको लगभग आधा) सङ्ख्यालाई सम्भावित स्थल आक्रमणअघि दक्षिणतर्फ जान आह्वान गरेको छ । एजेन्सी

## स्पेनी पादरीद्वारा दुई लाखभन्दा बढी बालबालिकामाथि यौन दुर्व्यवहार गरेको अनुमान

**मड्रिड**/स्पेनमा सन् १९४० यता रोमन क्याथोलिक पादरीहरूले दुई लाखभन्दा बढी बालबालिकामाथि यौन दुर्व्यवहार गरेको अनुमान गरिएको छ । प्रतिवेदनले कुनै खास आँकडा नदिएको तर आठ हजारभन्दा बढी मानिसमा गरिएको सर्वेक्षणमा स्पेनको करिब तीन करोड ९० लाख वयस्क जनसङ्ख्यामध्ये ०.६ प्रतिशतले आफू सानै छँदा पादरीहरूबाट यौन दुर्व्यवहारको सिकार भएको बताएका छन् । स्पेनका राष्ट्रिय लोकपाल एन्जेल गाबिलोन्डोले प्रतिवेदनको निष्कर्ष प्रस्तुत गर्न बोलाइएको पत्रकार सम्मेलनमा भने, “यो प्रतिशत १.१३ प्रतिशत अर्थात् चार लाखभन्दा बढी मानिसले गरेको दुर्व्यवहारलाई समावेश गरिएको छ ।” विगत २० वर्षमा संसारभरि यौन दुर्व्यवहारका शृङ्खलाबद्ध घटनाहरूपछि रोमन क्याथोलिक चर्चलाई झकझकाउने यो पछिल्लो रहस्योद्घाटन हो । तर अन्य देशमा भन्दा फरक, परम्परागत क्याथोलिक देश जुन अत्यधिक धर्मनिरपेक्ष भएको स्पेनमा लिपिकीय दुर्व्यवहारको आरोपहरू अहिले मात्र प्राप्त हुँदैछन् । यसले यसपहिले आरोपबाजीबाट बचेकाहरूले नै दुर्व्यवहारको आरोपहरू लगाएका छन् । “दुर्भाग्यवश, धेरै वर्षदेखि दुर्व्यवहारलाई अस्वीकार गर्ने वा दुर्व्यवहार गर्नेहरूलाई लुकाउन वा संरक्षण गर्ने प्रवृति उजागर भएको छ,” पूर्व शिक्षामन्त्री गाबिलोन्डोले भन्नुभयो । रिपोर्टले क्याथोलिक चर्चको मनोवृत्तिको आलोचना गरेको छ र पादरीहरूको संलग्नतामा बाल दुव्यवहारका घटनाहरूमा यसको प्रतिक्रियालाई ‘अपर्याप्त’ भनेको छ । यसले पीडितलाई क्षतिपूर्ति दिन राज्य कोषको गठन गर्न सिफारिस गरेको छ । एजेन्सी

## टाटा समूहको लगानीमा भारतमा आईफोन बनाइने

**नयाँदिल्ली**/भारतीय बहुराष्ट्रिय कम्पनी टाटा समूहले भारतमा एप्पलका आइफोनहरु बनाउन सुरु गर्नेभएको छ । समूहले भारतमा एप्पलका आइफोनहरु बनाउन सुरु गर्ने इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री राजीव चन्द्रशेखरले शुक्रबार बताउनुभएको हो । विस्ट्रोन कर्पोरेसनले दक्षिण भारतमा रहेको एक प्लान्ट बिक्री गर्न सहमत भएपछि टाटा इन्डिया पहिलो स्वदेशी आइफोन निर्माता बन्न लागेको हो । प्लान्ट स्रोतले गराएको जानकारी अनुसार, कारोबार मूल्य अनुमानित १२ करोड ५० लाख अमेरिकी डलर अनुमान गरिएको छ । चन्द्रशेखरले भन्नुभयो, “टाटा समूहले भारतबाट घरेलु र वैश्विक बजारका लागि भारतबाट आईफोन बनाउन सुरु गर्नेछ ।” एजेन्सी

## गाजामा इजरायली हमलाबाट प्यालेस्टिनीको मृत्यु हुनेको संख्या ७ हजार ३ सय २६ पुग्यो

**गाजा**/गाजा पट्टीमा इजरायली सैन्य हमलाबाट मृत्यु हुने प्यालेस्टाइनीको सङ्ख्या सात हजार ३२६ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । युद्ध शुरु भएदेखि अहिलेसम्म १८ हजार ९६७ प्यालेस्टाइनी घाइते भएको पनि मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ । इजरायलले अक्टोबर ७ मा इजरायली सैन्य लक्ष्य र शहरहरूमा गाजा-सत्ताधारी हमास विद्रोहीहरूले गरेको आक्रमणको बदलास्वरूप गाजा विरुद्धको आक्रमणलाई तीव्रता दिएको छ । हमासले सीमित भूमिगत अपरेशनहरू पनि शुरु गरेको छ जसबाट इजरायलमा कम्तिमा एक हजार ४०० जनाको ज्यान गएको छ । एजेन्सी

# मधेश प्रदेशमा शिक्षाको स्तर उकास्न आवश्यक गृहकार्य अघि बढेको छ : मन्त्री यादव



**राजविराज**/मधेश प्रदेशका शिक्षा मन्त्री महेश प्रसाद यादवले शिक्षाको विकास विना प्रदेशको विकास सम्भव नरहेको भन्दै शिक्षाको स्तर उकास्न आवश्यक गृहकार्य अघि बढेको जनाएका छन् ।

बागेश्वरी सेवा समितीको वार्षिक साधारण सभाको उदघाटन गर्दै मन्त्री यादवले यस्तो बताएका हुन् । मन्त्री यादवले चार वर्ष भित्र मधेश प्रदेशलाई पुर्ण साक्षर बनाउने गरी गृहकार्य अघि बढेको समेत जानकारी दिदै मधेश प्रदेशमा पचास प्रतिशतमा मात्र पहुँच भएको शिक्षालाई सय प्रतिशतमा पुऱ्याउने लक्ष्यका साथ काम सुरु भईसकेको बताए ।

बागेश्वरी सेवा समितिका अध्यक्ष इन्जिनियर इन्द्र नारायण देवले समाजिक विकृतीका रुपमा रहेको दाईजो कुप्रथा र बाल विवाह न्यूनीकरणका लागी संस्थाले समय समयमा जनचेतनामूलक कार्यक्रमका साथै विभिन्न समाजिक गतिविधी संचालन गरेको र समाजमा त्यसको सरकारात्मक प्रभाव देखिएको बताए । यस्ता कार्यक्रमले दाइजो र बालविवाहबाट समाजमा हुने गरेको क्षती विगतको तुलनामा केही घटेको समेत उनले दाबी गरे ।

कार्यक्रममा संस्थाको विधान अनुसार संरक्षक सदस्यताका लागी जनही १/१ लाख शुल्क तिरेर नयाँ संरक्षक सदस्यता प्राप्त गरेका १२ जनालाई प्रमुख अतिथी मन्त्री यादवले प्रमाण पत्र प्रदान गरेका थिए ।

नयाँ संरक्षक सदस्यता ग्रहण गर्नेहरुमा समाजसेवी तेजनारायण देव, जितेन्द्र नारायण देव, दिनेश प्रसाद देव, कृष्णानन्द देव, राधेश्याम रमण, ध्रुव प्रसाद देव, सचिन्द्र कुमार देव, मनोज देव, निरज कुमार चौधरी, योगेन्द्र प्रसाद देव, कृति नारायण देव र मिरा देव रहेको संस्थाले जानकारी दिएको छ ।

कार्यक्रममा प्रदेश सभासदस्य सतिश कुमार सिंह, भवानी सेवा समितीका अध्यक्ष प्रताप नारायण चौधरी, विराट देव सेवा समितीका अध्यक्ष राजेन्द्र प्रसाद देव, देव समाजका अध्यक्ष राकेश देव, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, मैथिल सेवा समिती विराटनगरकी अध्यक्ष फुल कुमारी देव लगायतले शुभकामना दिएका थिए ।

सो अवसरमा एसइइ र प्लस टुमा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कृत गर्नुका साथै समाजसेवी उगी नारायण देवद्वारा लिखित "सोहश्राद्ध" नामक पुस्तकको विमोचन समेत गरिएको थियो ।

# अन्नबाट ११ हजार स्क्वायर फिटको मूर्ति बनाइने

**जनकपुरधाम**/विवाह पञ्चमीको अवसरमा जनकपुरमा अन्नबाट ११ हजार स्क्वायर फिटको प्रतिमा (मूर्ति) बनाइने भएको छ । जनकपुरमा हुने विवाह पञ्चमीलाई विश्वमा चिनाउन र विश्व रेकर्डका लागि सो मूर्ति निर्माण गर्न लागिएको जनकपुर बृहत्तर क्षेत्र विकास कोषका अध्यक्ष शीतल साहले जानकारी दिए ।

सो मूर्ति निर्माण भएपछि वर्ल्ड रेकर्डका लागि दाबी गर्ने उनले बताए । अन्नबाट राम-सीता स्वयंवर (विवाह) को मूर्ति बनाइने निर्णय भएको साहले जानकारी दिए । मूर्ति बनाउन अन्नको मात्र प्रयोग हुने बताउँदै उनले जहाँ जुन रङ्गको आवश्यकता पर्छ, सोही रङ्गको अन्न प्रयोग गरिने उल्लेख गरे । मूर्ति बनाउन ७० क्विन्टल अन्न लाग्ने अनुमान गरिएको छ भने मूर्ति बनाउन प्रयोग गरिएको अन्न फेरि प्रयोगमा ल्याइने बताइएको छ ।

पुस १ गतेदेखि सुरु हुने विवाह महोत्सवका लागि मङ्सिर २० गतेदेखि मूर्ति बनाउन सुरु हुने अध्यक्ष साहले बताए । मूर्ति बनाउनका लागि भारतको मध्य प्रदेशबाट कालिगड आउने छन् । जनकपुरको १२ बिघा जमिनमा निर्माण हुने मूर्ति निर्माणका लागि ५० लाख रुपियाँ खर्च हुने अनुमान गरिएको छ ।

मूर्ति निर्माणका लागि जनकपुर बृहत्तर क्षेत्र विकास कोष र जनकपुरधाम उपमहानगरपालिकाले अगुवाइ गरिरहेको छ भने त्यसका लागि उद्योग वाणिज्य सङ्घ, स्थानीय सरकार र प्रदेश सरकार लगायतको सहयोग रहने बताइएको छ ।

यसअघि भारतको अयोध्यामा बनेको १० हजार ८०० स्क्वायर फिटको मूर्तिले गिनिज बुकमा नाम दर्ज गराई सकेको छ ।

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**राजविराज**/गत साता दशैंको समयमा सप्तरीमा तीन जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका ११ भगनी मलेठस्थित सडकमा रोकीराखेको पिकअपमा मोटरसाइकल ठोकिदा मोटरसाइकल चालक सोही नगरपालिका ९ कमलपुर बस्ने २३ वर्षीय दिपेन्द्र शर्मा मृत्यु भएको छ ।

बा.१०च.७१६४ नम्बरको पिकअपमा को.२८ प ५६१२ नम्बरको मोटरसाइकल मंगलबार राती ठोकिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानिय धर्मेश्वर अस्पताल ठेलिया हुँदै न्यूरो अस्पताल बिराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै छिन्नमस्ता गाउँपालिका १ बरहि चौकमा सोमबार राती बा.०१-०१६ प ४७२२ नं.को मोटरसाइकल पहिचान नखुलेको अन्दाजी २४/२५ वर्षिय पुरुषलाई ठक्कर दिदा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार अपरिचित व्यक्तिलाई ठक्कर दिदा उनको घटनास्थलमै मृत्यु भएको तथा कानूनी प्रक्रिया पुरा गरी लासलाई गजेन्द्र नारायण सिहं अस्पतालमा पोष्टमार्टमका लागी राखिएको छ ।

यसअघि हुलाकी राजमार्गको विष्णुपुर गाउँपालिका १ जमुनीमा मोटरसाइकल दुर्घटनामा गत शनिबार राती बोदेबरसाइन नगरपालिका १ का ३५ वर्षीय रेमन्त साहको ज्यान गएको छ ।

प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेका अनुसार शनिवार राती राजविराजबाट पश्चिम जाँदै गरेको स.१०प. ४७२ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो ।

सो दुर्घटनामा घाइते भएका साहलाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिए पनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*रामराजा प्रसाद...*

उम्मेदवार बनेपछी अर्को अध्यक्ष नियुक्त गरिएको छैन ।

गजेन्द नारायण सिंह अस्पतालका तत्कालिन मेडिकल सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा.रञ्जित कुमार झा सरुवा भएर अन्यत्र गएपछि १ वर्ष यता कार्यकारी निर्देशकको पद समेत रिक्त छ । यस्तै प्रष्ठिानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछी प्रतिष्ठान कर्मचारी विहीन बनेको छ ।

पदाधिकारी विहीन समितिको कार्यालयमा लाखौं रुपैया खर्चेर खरिद गरिएका समान थन्किएका छन् । प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ । कुल ११ अर्ब ९८ करोड रुपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

# प्रहरी जवानद्वारा गोली हानी आत्महत्या

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका २ घर भई कोशी गाउँपालिका ४ कोशी कटानमा कार्यरत एक प्रहरी जवानले गोली हानी हात्महत्या गरेका छन् ।

सुनसरीको कोशी गाउँपालिका ४ कोशी कटानमा बुधबारराति प्रहरी जवान अमितेश मण्डलले आफैले गोली चलाई आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

रातिको समयमा सुत्ने कोठामा कोही नभएको मौकामा पेस्तोलले टाउकोमा गोली हानेर आत्महत्या गरेको प्रहरीले जनाएको हो ।

घरायसी तनावका कारणले प्रहरी जवान मण्डलले गोली हानेर आत्महत्या गरेको जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

*धानुक मण्डल ...*

मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख आतिथी जगदर प्रागनाका तथा मैजन राजकुमार मण्डल, विशिष्ट अतिथि राय झुना प्रागनाका मैजन महेश कुमार मण्डल, पत्रकार कृष्ण मण्डल, तिलाठी कोईलाडी गापा २ का वडा अध्यक्ष कमल मण्डल, युवा विशेश्वर मण्डल, उपाध्यक्ष भोला मण्डल, सदस्य रामानन्द मण्डल, विटेदार दिनेश्वर मण्डल लगायतको व्यक्तिहरुले शुभकामना मन्तव्य दिएका थिए ।


## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं ।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*